DeKalb County School District (DCSD) का परिवारहरूलाई अभिवादन,

मैले आशा गरेकी छु गत हप्ताको शिक्षक मूल्याङ्कन सप्ताहका दौडान शिक्षकहरूले आफूले माया पाएको र आफ्नो प्रशंसा भएको महसुस गरेका छन् । म सामाजिक सञ्जालहरूमा हाम्रा विद्यार्थी, विद्यालय प्रशासक तथा समुदायले शिक्षकहरूलाई उपहार, खाना, धन्यवाद नोट तथा पत्र, तथा सम्मान दिँदै फोटो शेयर गरेको देख्न पाउँदा अत्यन्तै खुसी भए ।

फेरि पनि, म सबै शिक्षकहरूलाई उनीहरूको विद्यार्थी तथा डिस्ट्रिक्ट प्रतिको योगदानको लागि धन्यवाद दिन चाहन्छु । मैले आशा गरेकी छु यो विद्यालय वर्ष अन्त्य गर्दै गर्दा हामी शिक्षकहरू तथा कर्मचारी सदस्यहरू प्रति माया देखाइरहने छौं ।

## एयर प्युरिफायर

गत हप्ता, DCSD ले Healthe को हावा शुद्धीकरण गर्ने उत्कृष्ट UVC उपकरण प्राप्त गर्नेछ भनेर घोषणा गरिएको थियो, यो मनकारी दानका लागि Atlanta को समुदाय तथा व्यवसायलाई धन्यवाद छ । Healthe Inc. र Operation HOPE ले DCSD लाई 100 वटा Healthe AIRTM सिलिङ ट्रफर्स दान गरेको छ ।

म Healthe, Inc. र Operation HOPE लाई यो मनकारी दानका लागि धन्यवाद दिन चाहन्छु । DCSD को सुविधा तथा सञ्चालन विभागले हाम्रा विद्यार्थी तथा कर्मचारीहरूका लागि हाम्रा भवनहरू सफा रहन्छन् भनेर सुनिश्चित गर्न दैनिक रूपमा काम गरिरहेको हुन्छ । यो दानले हावामा भएको रोगाणु कम गर्ने उनीहरूको प्रयासमा सघाउँछ ।

विद्यालयले मिश्रित शिक्षण प्रयोग गर्न थालेको समयमा, DCSD ले सबै HVAC युनिटको सरसफाइ तथा फिल्टर परिवर्तन सहित मर्मत सम्भार गरेको थियो । यसको अतिरिक्त, सञ्चालन विभागले CDC तथा उद्योगको सुझाव बमोजिम वायुसञ्चार बढाउन उपयुक्तता अनुसार HVAC युनिटहरूमा अनुकूलन गरेको थियो । हावा शुद्धीकरण गर्ने नयाँ उपकरणले कोभिड-19 बाट संक्रमित गराउने SARS-CoV-2 जस्ता जीवाणु फैलिने जोखिम कम गरेर संक्रमण न्यूनीकरणका रणनीतिहरूलाई सुधार गर्नेछ ।

## खुसीको खबर

अन्तिम हप्ता, हामीले हाम्रा विद्यार्थी तथा कर्मचारीहरूका लागि थप खुसीको खबर प्राप्त गर्यौं ।

कृपया DeKalb Early College Academy की ग्रेड 12 की विद्यार्थी Kalya Eades लाई बधाई दिने काममा तपाईं पनि मसँग जोडिनुहोस्, उनले Home Depot बाट $5,000 को छात्रवृत्ति प्राप्त गरेकी छिन् । उनले निर्माण उद्योग प्रतिको आफ्नो उत्साहको बारेमा एउटा निबन्ध लेखेर उक्त छात्रवृत्ति प्राप्त गरेकी हुन् । Kalya DeKalb High School of Technology-North क्याम्पसमा रहेको SkillsUSA को सदस्य हुन् । उत्कृष्ट छात्रवृत्ति प्राप्त गरेकोमा Kalya लाई बधाई छ !

Tucker Middle School $15,000 को पुरस्कार जितिन्छ कि जितिँदैन भनेर विचार गरेर पर्खेर बसिरहेको छ । यस क्रममा, एउटा समुदाय भएपछि हामीले त्यहाँ सकारात्मक सन्देश पठाउनु पर्दछ । यो विद्यालयले Samsung प्रविधिमा पहिल्यै $65,000 जितेको छ र यो विद्यालय Samsung को एघारौं (11th) वार्षिक Solve for Tomorrow प्रतियोगितामा 10 मध्ये एक फाइनलिस्टको रूपमा घोषणा गरिएको छ । यो एउटा राष्ट्रिय स्तरको प्रतियोगिता हो जसले ग्रेड 6-12 का विद्यार्थीहरूलाई STEM (विज्ञान, प्रविधि, इन्जिनियरिङ, र गणित) का सीपहरू प्रयोग गरेर स्थानीय समस्या समाधान गर्न तथा समुदायमा परिवर्तन ल्याउन चुनौती दिन्छ । यो महिना, Samsung ले Community Choice Award र $15,000 को विजेता घोषणा गर्नेछ र हामीले आशा गरेका छौं कि Tucker Middle School का विद्यार्थीहरूले यो पुरस्कार जित्ने छन् !

अन्त्यमा, म धेरै उत्साहका साथ सत्ताइसौं (27th) वार्षिक सञ्चारक पुरस्कारमा विजेता बनेको हाम्रो सञ्चार विभागलाई बधाई दिन चाहन्छु । सुपरिन्टेन्डेन्ट Superintendent Cheryl को 100 दिनको रिपोर्टको कामको लागि विभागले उत्कृष्ट कर्पोरेट सञ्चार पुरस्कार-वार्षिक रिपोर्ट को पुरस्कार जितेको छ सञ्चारक पुरस्कार सञ्चारकर्मीहरूको रचनात्मक उत्कृष्टताको सम्मानमा प्रदान गरिने सबैभन्दा ठूलो र सबैभन्दा प्रतिस्पर्धात्मक पुरस्कार हो । यो हाम्रो टोली तथा डिस्ट्रिक्टका लागि उत्कृष्ट विजय हो । हामी हाम्रो कडा मेहनतले सम्मान पाएकोमा र अन्य सम्मानित सङ्गठनहरू बीच सम्मानित भएकोमा आभारी छौं !

## वर्ष कर्मचारी

गत हप्ता, एउटा सानो समारोहका बीचमा वर्ष कर्मचारीहरूलाई सम्मान गर्न पाउँदा सम्मानित महसुस गरेका छौं । हाम्रो साझेदार, Georgia United Credit Union, लाई हाम्रा वर्ष कर्मचारीहरूलाई मनकारी उपहार प्रदान गरेकोमा धन्यवाद दिन चाहन्छौं । यो वर्षका विजेताहरू लाई फेरि पनि बधाई छ !

## 2021 का प्रथम विद्यार्थी तथा दोस्रो विद्यार्थी

ड्राइभ-थ्रु समारोहमा 2020-2021 का प्रथम विद्यार्थी तथा दोस्रो विद्यार्थीलाई सम्मान गर्न पाउँदा उत्साहित भएका थियौँ ! तपाईंहरू सबैलाई देख्नु र तपाईंहरूले आफ्ना उपलब्धि आफ्ना प्रियजनसँग मनाउनु एकदम राम्रो कुरा थियो । हामी तपाईं प्रति गर्व गर्छौं र तपाईंले भविष्यमा गर्ने उत्कृष्ट कुराहरू हेर्न उत्साहित छौं !

## TNTP ब्लग

म Southwest DeKalb High School का भूतपूर्व विद्यार्थी Shanequa Yates लाई New Teacher Project (TNTP) ब्लग का लागि मेरो अन्तर्वार्ता लिएकोमा धन्यवाद दिन चाहन्छु । मैले विद्यार्थीहरूलाई प्रेरित गर्ने, सफल बनाउने, र सर्वश्रेष्ठ बनाउने डिस्ट्रिक्टका प्रयासहरूको बारेमा छलफल गर्ने मौका पाए । म Shanequa र उनले TNTP को साथमा गरिरहेको काम, डिस्ट्रिक्टसँग उनीहरूले गरेको साझेदारीको तारिफ गर्न चाहन्छु । हामी हाम्रा पूर्व विद्यार्थीहरूले प्रगति गरेको देख्दा सधैँ उत्साहित हुन्छौं ।

**स्थलगत दिन**

अन्तिम बुधबार, मैले Stone Mill Elementary School, Dresden Elementary School र Cross Keys High School का लिडर तथा विद्यार्थीहरूसँग भेट गर्ने अवसर प्राप्त गरे। हाम्रा विद्यार्थीहरू सफलता प्राप्त गर्ने सही मार्गमा छन् भनेर सुनिश्चित गरेकोमा धन्यवाद छ ! म लिडरहरूले काम गरेको देख्न चाहन्छु र यो महिना अझ धेरैजनासँग भेटघाट गर्न उत्सुक छु। स्थलगत दिन संस्था भर दुई तर्फी सञ्चार कायम गर्ने एउटा ठूलो अवसर हो।

**ग्रीष्मकालीन MOSAIC अध्ययन कार्यक्रम**

हामी शैक्षिक वर्षको अन्त्यको नजिक तिर गइरहेका छौं। यस क्रममा, म हाम्रा विद्यार्थी, आमाबाबु/अभिभावक तथा कर्मचारीहरूलाई DCSD को आगामी ग्रीष्मकालीन MOSAIC अध्ययन कार्यक्रमको बारेमा स्मरण गराउन चाहन्छु। यो कार्यक्रमले शैक्षिक सुधार, शैक्षिक बढोत्तरी, शैक्षिक विकास तथा सामाजिक भावनात्मक शिक्षा मार्फत — स्कूल डिस्ट्रिक्टको शैक्षिक मर्मलाई आत्मसात् गर्छ। स्कूल डिस्ट्रिक्टको शैक्षिक मर्म हाम्रा विद्यार्थी, हाम्रा शिक्षकहरू, र अध्ययन र अध्यापन गराइने सामाग्रीमा केन्द्रित हुन्छ।

हाम्रो लक्ष्य भनेको अङ्ग्रेजी भाषा सिकिरहेका विद्यार्थीहरू, अशक्तता भएका विद्यार्थीहरू, तथा प्रतिभावान् विद्यार्थी लगायतका सबै विद्यार्थीहरूलाई संलग्न गराउनु हो। भौतिक, मिश्रित तथा भर्चुअल सिकाइ मार्फत, विद्यार्थीहरूले शिक्षकले नेतृत्व गरेको शिक्षणबाट र विद्यार्थीद्वारा सञ्चालित कक्षाहरूबाट लाभ उठाउँदै वास्तविक, आकर्षक, तथा अर्थपूर्ण अनुभवहरूमा सहभागी हुन्छन् जुन जानेबुझेरै गरिन्छ।

ग्रीष्मकालीन MOSAIC अध्ययन कार्यक्रमको बारेमा थप जानकारी हासिल गर्न, यहाँ क्लिक गर्नुहोस्।